लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

☎०७१-५७०२०६
Email: vethosrupandehi@gmail.com

प्रस्ताव आब्हान सम्बन्धी सूचना

सूचना नं. १-/०८३/०८४ प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०७/१७

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ. व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र (मिति २०८३/०८/१६ गते सम्म) यस विज्ञ केन्द्र रुपन्देहीको कार्यालयमा **कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधी २०८३** बमोजिम तपसिलका कागजातहरू सहित खामबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कार्यालयको सूचनापाटी/वेवसाईट **rupandehi.vethos.gov.np** वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५७०११२६१ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	अनुदानको सीमा	आवेदकको किसिम
१	मत्स्य व्यवसायका लागि यान्त्रीकरणमा सहयोग - ५ लाख) (जिल्लाभरी)	• एरिएटर, सम्मरसिवल पम्प, सोलार पम्प, इलेक्ट्रिक मोटर, पम्प सेट, पेलेट मेसिन, फिडर मेसिन तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान।	• कम्तीमा ०.३ हे. जलाशयमा मत्स्य पालन गरेको हुनुपर्ने	• अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान।	कृषक/फर्म/ कम्पनी/ समूह/समिति /सहकारी,
२	मागमा आधारित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम (१५ लाख) (जिल्लाभरी)	• पशुपन्छीजन्य पदार्थको उत्पादन, उत्पादकत्व बृद्धि, बजारीकरण, प्रशोधन तथा विविधीकरणमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।	•देहायका पशु/वस्तुमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गरेकालाई प्राथमिकता दिनुपर्ने।	• प्रति आयोजना अधिकतम रू १ लाखमा नबढ्ने गरी ५०% अनुदान।	• फर्म/ कम्पनी/ समुह/ सहकारी

पशु/वस्तु	तराई
भेडा माउ	१०
बाख्रा माउ	१०
गाई माउ	५
भैंसी माउ	५

6196
डा. परवेज आलम
पशु विकास निर्देशक (दशौं)

			बंगुर: १५ पाडा/पाडी पालन: १५ ग्रामिण कुखुरा/हाँस: ५०० गदुध संकलन, विविधिकरण (दैनिक लि.): ३०० मासु/माछा विक्रि तथा प्रशोधन (प्रति दिन के.जि.: ५० मत्स्य पालन: ६ कट्ठा		
३	उन्नत प्रजनन् राँगो वितरण (२ लाख १० हजार) (जिल्लाभरी)	•सरकारी स्रोत वा निजी स्रोतबाट खरिद गर्न सकिने	•कार्यालयले प्रविधीक सम्भाव्यताका आधारमा लाभग्राही छनोट गर्नु पर्ने। • भैसीको वंश सुधार सम्बन्धि कार्यक्रम संचालन गरेको वा संचालन गरेका वा संचोलन गर्ने योजना रहेको सहकारी छनौट गरी वितरण गर्ने । •राँगोको पालन पोषण वीमा उपचार लगायतका कार्य साझेदार संस्थाले गर्ने।	५०% अनुदान वा अधिकतम रु ७० हजार अनुदान।	समूह/ सहकारी
४	सहकारी मार्फत पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम (५लाख) (जिल्लाभरी)	•सहकारी संघ/संस्थाहरु मार्फत पशुपन्छी तथा मत्स्य प्रवर्दन कार्यक्रम हुने गरि पशुपन्छी जन्य उत्पादन प्रशोधन, पशु स्वास्थ्य, नश्ल सुधार, आहारा, बजारिकरण, क्षमता विकास, मेशिनरी उपकरण सामाग्री सहयोग	• दुध हकमा दैनिक १५०० लिटर कारोवार गरेको हुनुपर्ने • मासुको हकमाः वार्षिक कम्तिमा ३०० बोका/खसि र १०० वंगुर, ५० वटा राँगा भैसी कारोवार गर्ने • माछाको हकमाः वार्षिक कम्तिमा १०० मे.टन कारोवार गरेको। • कानूनी रुपमा समस्या ग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनु पर्ने	विनियोजित बजेटको परिधि भित्र रहि अधिकतम ५० प्रतिशत अनुदान प्रवाह गरिने	सहकारी

६।१६

डा. परवेज आलम
पशु विकास निर्देशक (दशौं)

५	मत्स्य पोखरीमा प्रयोग हुने विद्युत महसुलमा सहयोग (९ लाख) (जिल्लाभरी)	अनुसूची ३२ बमोजिमको निवेदन संकलन गरी सम्बन्धित कृषक/व्यावसायीको खातामा प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गरिनेछ।	• फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई मत्स्य व्यवसायमा मात्र प्रयोग भएको विद्युतिय मिटर हुनुपर्ने • यो कार्यक्रम आ.व.२०८३/०८४ को साउन देखि लागू हुनेछ ।	• मत्स्य व्यवसायका लागि जडान गरिएको विद्युत मिटरमा वार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा अधिकतम रु. ५० हजारसम्म	कृषक/ ब्यवसायी ,
६	व्यबसायीक पशुपन्छी फर्ममा प्रयोग हुने विद्युत मशसुलमा सहयोग (१५ लाख) (जिल्लाभरी	• अनुसूची ३३ बमोजिमको निवेदन पेश गर्ने, • कार्यालयले विद्युत महसुल तिरेको वील सहित निवेदन संकलन गरी सम्बन्धित कृषक/व्यावसायीको खातामा प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गर्ने।	• फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई पशुपन्छी पालन व्यवसायमा मात्र प्रयोग भएको विद्युतीय मिटरमा अनुदान प्रवाह गरिनेछ, • विद्युत महशुल तिरेको विल पेश गर्नुपर्ने, • यो कार्यक्रम आर्थिक वर्षको साउन देखी नै लागु हुनेछ।	• पशुपन्छी पालन व्यवसायका लागि जडान गरिएको विद्युत मिटरमा वार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. पचास हजारसम्म सहुलियत प्रदान गर्न सकिने।	कृषक/फार्म /ब्यवसायी ,

पुनःश्च विगत ३ वर्ष यसै प्रकृतिको कामका लागि अनुदान प्राप्त नगरेको प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना (अनुसूची २५ बमोजिम) पेश गर्नु पर्ने छ।
६. कार्यक्रम सञ्चालनको लागी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि। (समूह/ कम्पनी/सहकारीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।
११. शैक्षिक योग्यता/ अनुभव/ तालिमको प्रमाणपत्रको प्रतिलिपि
१२. किसान सूचिकृत दर्ता नं./ प्रमाणपत्रको प्रतिलिपि

६।१६

डा. परवेज आलम
पशु विकास निर्देशक (दर्शौ)